

# अध्याय -८

## सफलताको निम्ति योजना

मूल पदहरू: उपदेशक १२:१; उत्पत्ति २:१५; १ तिमोथी ५:८; कलस्सी ३:२३,२४; उत्पत्ति ३९:२-५ र हितोपदेश ३:५-८।



***यस अध्यायको मूल सार पदः*** "तिमीहरू जे गर्छौ दिलोज्यानले गर्ने गर, मानिसको होइन, तर प्रभुको सेवा गरेजस्तै, यो जानेर कि तिमीहरू आफ्ना उत्तराधिकार इनामको रूपमा पाउनेछौ। तिमीहरू प्रभु ख्रीष्टको सेवा गरिरहेका छौ।"कलस्सी ३:२३-२४।

प्रायजसो सबै जना सफल, खुशी र सुखी जीवन बिताउन चाहन्छन्। हुन त, यो पतित संसारमा जो मानिस पनि सुखी, खुशी र सफल बिताइरहेको छ भने अचानक थाहा नै नदिइकन दैवीप्रकोप वा वियोग हुने घट्नाले त्यो जीवन चकनाचुर हुन सक्छ। त्यसको अर्थ सफल जीवन चाहना त गरिन्छ तर सधैं सफल नै भइरहन्छ भन्ने छैन।

फेरि सफल जीवन भनेको त्यसको परिभाषा पनि आआफ्नै खालकोछ। मिश्रदेशमा युशूफको मामिलामा हेर्‍यौं भने; कुनै पनि मानिसको सफल जीवनको चर्चा गर्‍यौं भने उनलाई सफल जीवनको ज्वलन्त उदाहरणको रूपमा लिन सक्छौं, सक्दैनौं त? उनी त झ्यालखानामा थिए तब अचानक दरवारमा पो देशको दोस्रो शक्तिशाली हुनपुगेका थिए। अरू कुरा गर्ने भए बप्तिस्मा दिने जोशिलो यूहन्नाको बारेमा हामीले के भन्ने? उनी त झ्यालखानाबाट चिहानमा कुप्रनु पुगेक। उनको जीवन कस्तो सफल थियो त? फेरि, सफलताको परिभाषामा भर पर्दछ।

परमेश्वरले हामीलाई दिनुभएको सम्पत्ति र सम्पदाको हेरबिचार र जतन गर्ने आधारभूत मामिलामा र आर्थिक व्यवस्थापन नीतिहरूको सन्दर्भमा सफलता हासिल गर्नु भनेको के हो यस अध्यायमा हामी हेर्नेछौं। हामी जो भएतापनि र जहाँ भएतापनि पैसार र आर्थिक व्यवस्था हाम्रो जीवनको एक भाग हुन जान्छ, चाहे हामी मनपराऔं वा मननपराऔं। यस अध्यायमा हामीले केही सफलताको बारेमा केही प्रयोगात्मक कदमहरू हेर्नेछौं। हुन त ती कदमहरू अपनाएर सफल नै हुन्छ भन्ने ग्यारेन्टी त छैन, तर अपनायौं भने आर्थिकरूपमा सफल हासिल गर्न केही भूल र कमीकमजोरीमा नपरौं जसले गर्दा जीवनमा आउने केही कठिनाइको सामना गर्नुनपरोस्।

## १. प्राथमिकता पाउनुपर्ने पहिलो कुरो

**उपदेशक १२:१ पढ्नुहोस्। यहाँ हाम्रो निम्ति के सन्देश छ? हेर्नुहोस्, "दुःखको समय र वृद्धावस्था आउन अघि नै, जब तिमीले भन्नेछौ, "यस समयमा मेरो मन लाग्दैन," ती समयभन्दा अघि नै आफ्नो युवावस्थामा आफ्ना सृष्टिकर्ताको सम्झना गर।"**

जब युवयुवतीहरू वैवाहिक जीवनमा आइपुग्छन् तब आफ्नो हुने परिवारलाई आधारभूति आवश्यकता कसरी पूरा गर्ने भन्ने सोचमा पर्दछन्। ती आवश्यकताहरूमा गाँस, बाँस अर्थात् घर र कपास अर्थात् लाउने लुगाफाटाहरू हुन्छन्। हाम्रा आवश्यकताहरूलाई प्राथमिकता दिने कुरामा येशूले भन्नुभयो, पहिले परमेश्वरको राज्य र उहाँको धार्मिकताको खोजीगर अनि ती सबै थोकहरू तिमीहरूलाई थपिदिनेछन्" (मत्ती ६:३३)। हुर्केर पनि ठूलो भएकाहरू र युवाअवस्थामा येशूलाई ग्रहण गर्न अवसर नपाएतापनि परमेश्वरको सम्पत्ति हुन ठिक निर्णय गर्ने समय दिएको हुन्छ।

उत्पत्ति २८:२०-२२मा हामीले हेऱ्यौं कि याकूबले आफ्नो जीवनमा आत्मिक र आर्थिक अवस्थाको बारेमा केही महत्त्वपूर्ण निर्णयहरू गरेका थिए। दर्शनमा परमेश्वरले आफूलाई याकूबलाई यसरी चिनाउनुभएको थियो, "तिम्रो पिता अब्राहमको प्रभु र इसहाकका परमेश्वर" (याकूब २८:१३)। अनि परमेश्वरसँग गर्नुभएको सपथको भागमा याकूबले भने, "प्रभु मेरा परमेश्वर हुनुहुनेछ" (उत्पत्ति २८:२१)।

**उत्पत्ति २९:९-२० पढ्नुहोस्। याकूबको जीवनमा जुन घट्ना भयो त्यस घट्नाको समय किन महत्त्वपूर्ण छ? हेर्नुहोस्, "९ याकूब तिनीहरूसँग कुरा**

गरिरहँदा, राहेल आफ्ना बाबुका भेड़ाहरू लिएर त्यहाँ आइपुगिन्, किनकि भेड़ाहरू तिनले नै चराउने गर्थिन्। १० जब याकूबले आफ्ना मामा लाबानकी छोरी राहेल र आफ्ना मामाका भेड़ाहरू देखे, तब नजिक आएर तिनले इनारको मुखको ढुङ्गा गुड़ाइदिए, र आफ्ना मामा लाबानका भेड़ाहरूलाई पानी खुवाइदिए। ११ तब याकूबले राहेललाई म्वाइँ खाए, र रुन लागे। १२ याकूबले राहेललाई "म तिम्रा बाबुको नातेदार, रिबेकाको छोरो हुँ" भनी बताइदिए। तब राहेल कुदेर गइन् र आफ्ना बाबुलाई यो कुरा बताइदिइन्। १३ आफ्ना भानिज याकूब आएको समाचार पाउने बित्तिकै लाबान तिनलाई भेट्नलाई कुदेर आए, र तिनलाई अँगालो हालेर म्वाइँ खाए, अनि तिनलाई आफ्नो घरमा ल्याए। १४ अनि याकूबले लाबानलाई सबै कुरा बताइदिए। लाबानले तिनलाई भने, "वास्तवमा तिमी मेरो हाड़ र मासु हौ।" याकूब उनीसँग एक महिना बसेपछि १५ लाबानले तिनलाई भने, "मेरा नातेदार हुँदैमा तिमीले सित्तैंमा मेरो सेवा गर्ने? ज्याला कति हुनुपर्छ मलाई भन।" १६ लाबानका दुई छोरीहरू थिए। जेठीको नाउँ लेआ र कान्छीको नाउँ राहेल थियो। १७ लेआका आँखा धमिला थिए, तर राहेलचाहिँ सुडौल र सुन्दरी थिइन्। याकूबले राहेललाई प्रेम गरे। १८ तिनले भने, "तपाईंकी कान्छी छोरी राहेलको निम्ति सात वर्षसम्म म तपाईंको सेवा गर्नेछु।" १९ लाबानले भने, "त्यसलाई अरू कोहीसँग विवाह गरिदिनुभन्दा त तिमीलाई दिनु नै असल हो। हुन्छ, मसँगै बस।" २० यसकारण याकूबले राहेलको निम्ति सात वर्षसम्म सेवा गरे। तिनले राहेललाई यति प्रेम गर्थे कि त्यो समय तिनलाई थोरै दिनजस्तो लाग्यो।" उत्पत्ति २९:९-२०।

परमेश्वरमा आत्मिक र आर्थिक समर्पणको प्रतिबद्धता जाहेर गरेपछि प्रभुले उनलाई इनारमा जान अगुवाइ गर्नुभयो जहाँ उनको भेट राहेलसँग भयो। विवाहको निम्ति निर्णय गर्नुभन्दा अघि तपाईंले आत्मिक निर्णय र जीवनकी निम्ति निर्णय गर्नु धेरै उपयुक्त हुन्छ। तपाईंको भविष्यको जोडीले यो थाहा पाउनुपर्दछ कि तिनीहरूले कसलाई रोज्दैछन्। के यो व्यक्ति समर्पित इसाई हो कि? कुन खालको काम उसले गर्छ र उनी कस्तोमा समावेस हुनेछ? के यो व्यक्ति शिक्षक, नर्स, वकिल, ज्यालादारी वा जे भएतापनि काममा आत्मनिर्भर हुने व्यक्ति हो कि? मैले कस्तो खालको जीवनमा पस्दैछु? वैवाहिक सम्बन्धमा गाँस्नुभन्दा अघि अरू यी केही प्रश्नहरू सोच्नुपर्छः कुन खालको औपचारिक शिक्षा हासिल गरेको छ? विवाहको नाउँमा कस्तो खालको

ऋणमा पर्नेछ? के वैंवाहिक खर्चमा मेरो पनि जिम्मेवारीमा सहभागी हुन म तयार छु?

*जीवन साथी चुन्न पावलले २ कोरन्थी ६:१४,१५ मा दिएको नीति किन महत्त्वपूर्ण मान्नुपर्दछ ? हुन त यो भयो भन्दैमा वैवाहिक जीवन सफल नै हुन्छ भन्नेछैन, तैपनि असल वैवाहिक जीवनलाई अझ झन असल बनाउन अबसर त्यो नीति अपनाउँदा कसरी सहयोग गर्न सक्छ ? हेर्नुहोस्, "अविश्वासीहरूसँग एउटै जुवामा ननारिओ। किनकि धर्म र अधर्मको के साझेदारी हुन्छ? अथवा अँध्यारोसँग उज्यालोको के सहभागिता ? ख्रीष्टको बेलिआलसँग के सरोकार ? वा विश्वास गर्नेको विश्वास नगर्नेसित के समानता ? "*

## २. परिश्रमको आशिष वा कामको मर्यादा

हुन सक्छ तपाईं धेरै स्वतन्त्ररूपमा धनी हुनुहुन्छ वा बुबाआमाले स्थापना गरेका गुठीबाट तपाईंलाई पैसा बहन्छ ताकि तपाईंले आफ्नो जीवनमा कहिल्यैपनि परिश्रम गर्न नपरोस्, जागिर खान नपरोस् वा पैसा कमाउन चिन्ता नहोस्। तर याद गर्नुहोस्, पैसा आशिष हुनुको सट्टा कतिपय युवायुवतीहरूले त्यसलाई दुरुपयोग गरेर वियोग हुन पुगेको कथाहरू छ्यापछ्याप्ति नभएको होइन। तर जे भएतापनि ढिलो वा चाँडो तपाईं आफ्नो जीवन निर्वाह गर्न कुनै न कुनै काम गर्नुपर्ने हुन्छ। हुन त तपाईं तपाईंको एकदम मनपर्ने काममा संलघ्न हुन पाए जसबाट तपाईंलाई प्रसस्त आर्थिक लाभ हुन्छ र त्यसैमा तालिम पाएर वर्षौंसम्म काम गर्न पाएको भए तपाईंको निम्ति धेरै असल हुने थियो र संतुष्ट पनि हुन्थ्यो होला। यस्तो खालको काम आदर्शमय छ तर सधैं सबैलाई त्यस्तो हुनेछ भन्ने छैन।

**यस संसारमा पापको प्रवेश हुनुभन्दा अघि नै आदम र हव्वालाई के आज्ञा गर्नुभएको थियो र त्यसको के महत्त्व थियो? हेर्नुहोस्, "परमप्रभु परमेश्वरले मानिसलाई लगेर अदनको बगैंचामा त्यसको गोड़गाड़ र हेरचाह गर्न राख्नुभयो।" उत्पत्ति २:१५। साथै यी पदहरू पनि हेर्नुहोस्, उपदेशक ९:१० "तिम्रो हातमा जे काम छ त्यो आफ्नो पूरा शक्तिले गर, किनभने चिहानमा,* जहाँ तिमी जान्छौ, त्यहाँ न त केही गर्ने, न योजना गर्ने, न ज्ञान, न बुद्धि नै हुन्छ।" उपदेशक ९:१० र २ थेस्सोलिनिकी ३:८-१० "अब भाइ हो, हाम्रा प्रभु येशू ख्रीष्टको नाउँमा हामी तिमीहरूलाई आज्ञा दिन्छौं, कि हामीबाट तिमीहरूले पाएका शिक्षामा नचल्ने हरेक अल्छे भाइबाट अलग बस। किनकि तिमीहरूले कसरी हाम्रो अनुकरण गर्नुपर्छ सो तिमीहरू आफै जान्दछौ। हामी तिमीहरूसँग**

**छँदा अल्छे भई बसेनौं। हामीले कसैको रोटी सित्तैंमा खाएनौं। तर तिमीहरू कसैलाई भार नहोस् भनेर हामीले रातदिन परिश्रमसाथ खटेर काम गऱ्यौं। सहायता पाउने हाम्रो हक नभएर होइन, तर हाम्रो आचरण तिमीहरूका लागि एक आदर्श बनोस् भनेर हामीले त्यसो गऱ्यौं। तिमीहरूका साथमा हुँदा हामीले तिमीहरूलाई यो आज्ञा दिएका थियौं, "कसैले काम गर्दैन भने त्यसले नखाओस्।" माथिका ती पदहरूले बताएको अनुसार कहिल्यै काम नगर्ने, हात बाँधेर बस्ने मानिसहरू आफ्नो र अरूहरूको निम्ति किन श्राप हुन गएको देखिएको छ?**

काम गर्नुपर्ने भनेको सजायँ दिएको हो भनेर कहिल्यै पनि ठान्नुहुँदैन। काम मानिसहरूकै हितको निम्ति हो। स्वर्गमा नै वा पाप, मृत्यु र दुःखकष्ट आउनुभन्दा अघि नै अदनको बगैंचामा परमेश्वरले मानव कल्याणको निम्ति काम गर्नु आवश्यक छ भनेर काम गर्न अऱ्हाउनुभएको थियो।

"आदमलाई बगैंचामा हेरचाह गर्न काम दिइएको थियो। काम नगरि हात बाँधेर बरालिएर बस्दा आदम खुशी हुन सक्दैन भन्ने कुरो सृष्टिकर्तालाई थाहा थियो। बगैंचाको सौन्दर्यताले उनलाई आनन्द त दिन्थ्यो, तर त्यतिलेमात्र उनलाई पुगेको थिएन। आफ्नो अचम्मको शरीरका अङ्गहरू चलाउन उनले परिश्रम गर्नुपर्थ्यो। यदि केही नगरि मानिस सुखी र खुशी हुन्छ भने परमेश्वरले नै मानिसलाई कुनै काम दिनुहुन्नथ्यो। तर मानिसलाई सृष्टि गर्ने परमेश्वरलाई थाहा थियो कि उनको खुशी र सुखी जीवनको निम्ति के आवश्यकता छ; मानिसलाई सृष्टि गर्नुभएको लगत्तै उहाँले उनलाई कामको जिम्मा लगाउनुभएको थियो। भविष्यको अनन्त जीवनमा र दैनिक आयआर्जनको निम्ति काम गर्नुपर्छ भन्ने आदेश एउटै सिंहासनबाट आएको थियो।"-एलेन जी ह्वाइट, *आवर हाइ कलिङ्ग*, पृ. २२३बाट रूपान्तरित।

तर आदम र हव्वाको पतनपछि अरू सबै थोकहरू पापको दागले बिग्रेजस्तै काममा पनि अप्रिय असर भएको थियो। परमेश्वरले आदमलाई भन्नुभयो," "भूमि तिम्रो कारण श्रापित भएको छ। तिम्रो जीवनभरि दुःखसँग त्यसको उब्जनी तिमीले खानेछौ।" उत्पत्ति ३:१७। याद गर्नुहोस्, भूमिलाई आदमको निम्ति श्रापित भएको छ भनेर परमेश्वरले भन्नुभएको थियो। पतित जीव भएकोले काम वा परिश्रम गर्नु नै आदमको आवश्यकता हुन पुगेको थियो। ***काममा के छ जसले गर्दा हाम्रो लागि आशिष हुन सक्छ?***

आफ्नो क्षमता, खुबी अनुसार मानिसले काम गरोस् भन्ने परमेश्वरको आशय हो। हामीले काम गरेर आय आर्जन गर्ने समय प्रायजसो ४० वर्षसम्म हुन्छ। धेरै मानिसहरूको निम्ति यो समय पारिवारिक जीवनमा संलघ्न हुनु, छोराछोरीहरू हुर्काउनु, शिक्षित बनाउनु, घर बनाउनु र अरू आवश्यक थोकहरू किन्नु वा जम्मा गर्नु हुन्छ। आर्थिक मामिलामा यो समय व्यस्त र तनावपूर्ण पनि हुन्छ। यो संवेदनशील समय पनि हो किनकि परिवार सँगसँग मिलेर काम गर्न सिकिरहेको हुन्छ र जीवनभरको निम्ति पारिवारिक बन्धन पनि परिवारका सदस्यहरूले सृजना गरिरहेको हुन्छ। कतिपय समयमा आर्थित तनावले गर्दा वैवाहिक जीवन र पारिवारिक जीवन तहसनहस पनि यसै बेला हुन्छ। तर जुन इसाई परिवारले येशूप्रतिको समर्पित जीवनले गर्दा बाइबलका नीतिहरू चल्छ त्यो परिवार दिगो परिवार हुने धेरै सम्भावना छ।

**घरमा आर्थिक मामिला सँभाल्ने नीतिहरूमा देहायका पदहरूले हामीलाई के सिकाउन सक्छ? हेर्नुहोस्, "यदि कसैले आफन्तहरूको र विशेष गरी आफ्नै परिवारको पालनपोषण गर्दैन भनेता त्यसले विश्वासलाई इन्कार गर्दछ, र विश्वास नगर्नेहरूभन्दा पनि खराब हुन्छ। १ तिमोथी ५:८; "सबै कठोर परिश्रमले लाभ हुन्छ, तर कुरै मात्र गर्नेचाहिँ दरिद्रतामा पुग्छ। बुद्धिमान्‌को सम्पत्ति तिनीहरूको मुकुट हो, तर मूर्खहरूको मूर्खताले मूर्खता नै उत्पन्न गराउँछ।" हितोपदेश १४:२३-२४ । "तिमीहरू जे गर्छौ दिलोज्यानले गर्ने गर, मानिसको होइन, तर प्रभुको सेवा गरेजस्तै, यो जानेर कि तिमीहरू आफ्ना उत्तराधिकार इनामको रूपमा पाउनेछौ। तिमीहरू प्रभु ख्रीष्टको सेवा गरिरहेका छौ।" कलस्सी ३:२३-२४।**

प्रायजसो श्रीमान पैसा भित्राउने मूख्य व्यक्ति हुन्छ तर कतिपय समयमा दुवैले पनि काम गरेर घरको आर्थिक समस्या सम्हालेको हुन्छ। तर कतिपय समयमा अपेक्षा नगरिएको परिस्थिति सृजना हुन्छ-जस्तै बिमार, दुर्घट्ना, दैविक प्रकोप आर्थिक मन्द वा कुनै पनि परिस्थिति जसले परिवारलाई कठिन परिस्थितिमा पार्दछ। मानिसहरू त्यसै अनुसार चाँजोफाँजो मिलाएर काम गर्नुपर्ने वाध्यता हुन्छ।

जब पारिवारिक अनुकूलमा बालबालिकाहरूलाई यस संसारमा हुर्काउँछन् तब ती बालबालिकाहरू परमेश्वरको सम्पत्ति हुन् भनेर भजन १२७:३मा उल्लेख गरिएको छ। परिवारमा बालबालिका हुनु भनेको

बुबाआमाको निम्ति ठूलो जिम्मेवारी भएको सम्झिनुपर्दछ। प्रत्येक येशूभक्त बुबाआमाको लक्ष्यचाहीँ आफ्ना छोराछोरीहरूलाई यस्तो तालिम दिनुपर्दछ जसले गर्दा तिनीहरू हुर्केपछि स्वतन्त्र वयस्कहरू हुन्छन् र आउने जीवनमा घरबार चलाउन योग्यको हुन्छन्। बाबुआमाहरूको निम्ति यहाँ तिनी बुँदाहरू दिएको छ जुन तिनीहरूको निम्ति सहयोग हुनसक्छ।

१ घरमा इसाई वातावरण सृजना गर्नुहोस्। नियमितरूपमा रोचक पारिवारिक आराधना, नियमित साबथस्कूल र चर्चमा जाने आदत, र दशांस र भेटी दिनेमा विश्वाससाथ नियमित र पारदर्शी त्यस वातावरणमा समावेश हुन्छ। बालबालिकाहरूको सानै उमेरदेखि यी वातावरण घरमा पायो भने हुर्केपछि त्यस वातावरणले तिनीहरूको जीवनलाई मजबूत बनाउँछ।

२ सानैदेखि राजीखुशी काम गर्न सिकाउनुहोस् र काम गरेकोमा श्यावास दिने चलन बसाल्नुहोस्। लगनशील भएर मर्यादितरूपले काम गर्दा सराहना गर्दोरहेछ भनेर बालबालिकाहरूले थाहा पाउँछन्। काम गर्दा इनाम पनि पाउने रहेछ भनेर तिनीहरूले महसुस गरुन्। अरूहरूलाई समय दिएर काम गर्दा पैसा पनि पाउँदो रहेछ भनेर तिनीहरूले सिक्दछन्। त्यसले गर्दा तिनीहरूको काम र समय अमूल्य रहेछ भन्ने ज्ञान तिनीहरूले सिक्दछन्।

३ दुवै अनौपचारिक र औपचारिक असल शिक्षामा सहयोग गर्नुहोस्। आजको इसाई प्राइभेट स्कूलहरू महँगो छ। तर बाबुआमाले तिनीहरूलाई इसाई शिक्षा दिने योजनामा सरिक गरायो भने यस जीवनमात्र होइन आउने जीवनको निम्ति पनि उपलब्धीमूलक भएको अनुभव गर्नेछ। पैसा खर्च गरेको अनुसार त्यस खालको शिक्षा धेरै उपयोगी हुन्छ।

> तर आमाबाबुहरूले आफ्ना छोराछोरीहरूको निम्ति जे गरेपनि तिनीहरू ठिक बाटोमा हिँड्ने छन् भन्ने ग्यारेन्टी त छैन। त्यस परिस्थितिमा आफ्ना छोराछोरीहरू गलत बाटोमा गयो भन्दैमा बाबुआमाहरू आफू दोषी भएको भनेर किन दिक्क र हतोत्साह मान्नुहुँदैन ?

## ४. इमान्दारसाथ परिश्रम गर्ने बानी

**सफल** जीवनको अन्तिम पक्ष भनेको सुरुका वर्षहरूमा बुद्धिमानपूर्वक निर्णयहरू गरेर काममा खट्न सक्यो भने त्यसले मानिसलाई अत्यन्तै रमाइलो बनाउन सक्छ। आयआर्जनको सुरुमै परिश्रमी भएर काम गर्न थाल्यो भने अनाहक परिस्थिति आएर जीवनलाई बिगार्न नसक्ने हुन्छ। आदर्श परिवार भनेको यो

होः जब बालबालिकाहरूलाई हुर्काउँदै आत्मनिर्भर वयस्कहरू बनाउँछन्, घरको ऋण तिरी सकेको हुन्छ, यातायातको खर्च व्यहोर्न सकेको हुन्छ, अरू ऋणहरूबाट मुक्त भएको र घरका जेष्ठ परिवारलाई स्याहार्न पर्याप्त खर्च जम्मा भएको हुन्छ।

मर्यादापूर्वक उच्च स्तरको काम गरोस् र जीवन सुखमय होस् भनेर परमेश्वरले आफ्ना जनहरूलाई आह्वान गर्नुहुन्छ। कुन स्तरमा हामी हुनुपर्छ भन्दा परमेश्वरको विधि वा दश आज्ञाको स्तर जुन हाम्रो हृदयमा कोरिएको हुन्छ (हेर्नुहोस् यर्मिया ३१:३३) र हाम्रा मिजास, चरित्र र स्वभावले त्यस स्तरलाई प्रतिबिम्बित गरोस्। दिनदिनै सामाजिक परिस्थितिहरू बिग्रिरहेका छन् र इसाई शिक्षादिक्षालाई पर पर सार्दैछ, त्यस परिस्थितिमा येशूभक्त निर्दोष जीवन बिताएर काम गर्ने बानी झन महत्त्वपूर्ण हुन्छ। बाइबलले भन्दछ, "धेरै धन-सम्पत्तिभन्दा असल नाउँ रोज्नु वाञ्छनीय हुन्छ, सम्मानित हुनु चाँदी वा सुनभन्दा उत्तम हो।" हितोपदेश २२:१।

परमेश्वरमा विश्वास गर्ने कामदारहरूले गर्दा आशिष पाएको काम दिनेहरूले महसुस गरेको घट्नाहरू बाइबलमा उल्लेख गरेका छन्। जब याकूब आफ्नो मामाससुरा लाबानलाई छोडेर आफ्नो बाबुको घरमा फर्किने चाहना गरेका थिए तब लाबनले आफूलाई नछोड्न याकूबसँग आग्रह गरेका थिए। उनले भने, “ममाथि तिम्रो निगाह भए, बस। पूर्वलक्षणद्वारा मलाई थाहा भएको छ कि परमप्रभुले तिम्रो खातिर मलाई आशिष् दिनुभएको छ।" उत्पत्ति ३०:२७। जब युसूफलाई मिश्रदेशमा दासभएर बेचिएका थिए तब उनको मालिक पोटिफरले युशूफको काममा परमेश्वरले आशिष दिएको महसुस गरेका थिए र उनले युशूफलाई त्यसै अनुसार मर्यादित काममा खटाइएको थियो।

**उत्पत्ति ३९:२-५ पढ्नुहोस्। युशूफले खास के गरेका थिए जसले गर्दा उनको मालिक उनमाथी निगाहा देखाएका थिए भनेर भनेको त छैन, तैपनि युशूफको क्रियाकलापले उनको चरित्रको बारेमा के देखाउँदछ? हेर्नुहोस्, "१ अब योसेफ मिश्रमा लगिए, र फारोका एउटा अधिकृत, अङ्गरक्षकका कप्तान पोतीफर भन्ने एक जना मिश्रीले तिनलाई त्यहाँ ल्याउने इश्माएलीहरूका हातबाट किने। २ परमप्रभु योसेफको साथमा हुनुहुन्थ्यो, र त्यहाँ तिनको उन्नति भयो। तिनी आफ्ना मिश्री मालिकको घरमा बस्थे। ३ तिनका मालिकले परमप्रभु तिनको साथमा हुनुभएको र तिनले गरेका सबै काममा परमप्रभुले उन्नति गराउनुभएको देखे। ४ यसैले उनको निगाह योसेफमाथि रह्यो।**

**योसेफले उनको सेवा-शुश्रूषा गर्थे। उनले तिनलाई आफ्नो घरको मुख्य कारिन्दा तुल्याएर उनीसँग भएका सब थोकको जिम्मा तिनलाई दिए। ५ उनले तिनलाई आफ्नो घरको र आफूसँग भएका सबै कुराको मुख्य कारिन्दा तुल्याएको समयदेखि परमप्रभुले योसेफको खातिर त्यस मिश्रीको घरमा आशिष् दिनुभयो। परमप्रभुको आशिष् उनको घरबार, अन्न-खेत र सबै कुरामाथि थियो।"**

"त्यसकारण, तिमीले जे खान्छौ वा पिउँछौ, वा तिमीले जे गरेतापनि परमेश्वरको महिमा गर्न अर्थात् इज्जत थाम्न गर्नु" (१ कोरन्थी १०:३१ रूपान्तरित)। त्यही प्रकारले हाम्रो काम र आर्थिक व्यवस्थापन र जे काम गरेतापनि हामीले परमेश्वरको महिमा गर्न वा उहाँको इज्जत थाम्न गर्नुपर्छ। हाम्रो जीवन सफल बनाउन उहाँले नै हामीलाई ज्ञान र बल दिनुहुन्छ। "१०
दाऊदले सबै समुदायको उपस्थितिमा यसो भनेर परमप्रभुको प्रशंसा गरेः "हे हाम्रा पुर्खाहरूका परमप्रभु परमेश्वर, सनातनदेखि सनातनसम्म तपाईंको प्रशंसा होस्।
११ हे परमप्रभु, महानता, शक्ति, महिमा, गौरव र ऐश्वर्य तपाईंकै हुन्, किनकि स्वर्ग र पृथ्वीमा भएका सबै कुरा तपाईंकै हुन्। हे परमप्रभु, राज्य तपाईंकै हो, अनि सबैमाथि तपाईं सर्वोच्च हुनुहुन्छ।
१२ धन र मान तपाईंबाट नै आउँछन्। तपाईं नै सबैमाथि शासन गर्नुहुन्छ। पराक्रम र शक्ति तपाईंकै बाहुलीमा छन्, सबैलाई उच्च पार्न र शक्ति दिन तपाईंकै हातमा बल र शक्ति छन्।
१३ अब हे हाम्रा परमेश्वर, हामी तपाईंलाई धन्यवाद दिन्छौं, र तपाईंको महिमित नाउँको प्रशंसा गर्दछौं।
१४ "तर म को हुँ, अनि मेरा प्रजा को हुन्, कि हामी उदार-चित्तले यसरी दिन सक्छौं? सबै कुरा तपाईंबाटै आउँछन्, र तपाईंकै दानबाट हामी तपाईंलाई दिंदछौं।
१५ हामी त तपाईंको दृष्टिमा विदेशी र प्रवासीहरू हौं, जस्ता हाम्रा पुर्खाहरू थिए। हाम्रा दिन यस पृथ्वीमा छायाजस्ता मात्र छन् र हाम्रा निम्ति आशा छैन।
१६ हे परमप्रभु हाम्रा परमेश्वर, तपाईंको पवित्र नाउँका सम्मानको निम्ति भवन बनाउन हामीले जम्मा गरेका यी सबै धन तपाईंबाट नै आउँछन्, र यी सबै तपाईंकै हुन्।" १ इतिहास २९:१०-१६।

> तपाईँ काममामात्र होइन जीवनमा नै के नीतिहरू अवलम्बन गरिरहनुभएकोछ ? के तिनीहरूमा केही परिवर्तन गर्नु आवश्यक छ ?

## ५. ईश्वरीय परामर्शको खोजी

यस संसारमा सयौं नास्तिक विद्वान वा विज्ञ गुरुहरू छन् जसले आर्थिक मामिलालाई कसरी व्यवस्थापन गर्ने भनेर सिकाउँदछन्। तर परमेश्वरले हामीलाई सुम्पिनुभएको उहाँको सम्पत्तिलाई कसरी जतन गर्ने वा व्यवस्थापन गर्ने मामिलामा तिनीहरूको सरसल्लाह नलिनु भनेर परमेश्वरले हामीलाई सतर्क गराउनुभएको छ। यस मामिलमा बाइबलले यसरी स्पष्टरूपमा लेखिएको छ, "धन्य हो त्यो मानिस, जो दुष्टहरूको सल्लाहमा हिंड्दैन, जो पापीहरूको मार्गमा खड़ा हुँदैन, अनि गिल्ला गर्नेहरूको सङ्गतमा बस्दैन।

तर परमप्रभुको व्यवस्थामा नै त्यो खुशी रहन्छ, र त्यसले दिनरात उहाँकै व्यवस्थामा मनन गर्छ। त्यो खोलाको किनारमा रोपेको बोटजस्तै हुन्छ, जसले आफ्नो ऋतुमा फल दिन्छ, अनि जसको पात कहिल्यै ओइलाउँदैन। त्यसले जे पनि गर्छ, त्यसमा त्यो सफल हुन्छ।" भजनसंग्रह १:१-३।

त्यसकारण जसले परमेश्वरको व्यवस्थामा खुशी हुनेले आशिष पाउँनेछ भनेको छ। व्यवस्था भन्दा केवल दश आज्ञामात्र नभएर परमेश्वरको सम्पूर्ण वचन भनेर बुझ्नुपर्दछ। यो कतिको सरल छ? परमेश्वरको नीतिमा हिंड्ने मानिसहरू उन्नती हुन्छ र सफल पनि हुन्छ रे!

**आधारभूत आर्थिक मामिलामा हितोपदेश ३:५-८को नीतिलाई हामीले कसरी प्रयोग गर्ने? हेर्नुहोस्, "आफ्नो सारा हृदयले परमेश्वरमा भरोसा राख्नु र तिम्रो आफ्नै समझशक्तिमा भर नपर्नु आफ्ना सारा मार्गमा उहाँलाई सम्झनु, र उहाँले तिम्रा मार्गहरू सोझा तुल्याइदिनुहुनेछ। आफ्नै नजरमा बुद्धिमान् नहोऊ, परमप्रभुको भय मान् र दुष्कर्मलाई त्याग्। यसले तिम्रो शरीरलाई स्वस्थ तुल्याउनेछ र तिम्रो हड्डीको लागि पोषण दिनेछ।"**

आर्थिक व्यवस्थापनमा बाइबलले संक्षेप्तरूपमा दिएको महत्त्वपूर्ण सात बुँदाहरू छन्। तिनीहरूलाई हेरौं।

१. आफूले नै व्यवस्थित ढँगले चल्ने निधो गर्नुहोस्। पैसा खर्च गर्ने मामिलामा योजना बनाउनुहोस्। हेर्नुहोस् "तिम्रा भेड़ाहरूको अवस्था राम्ररी थाहा गर, आफ्नो बगालप्रति सावधानीपूर्वक ध्यान देऊ, किनभने धन-सम्पत्ति त सधैंभरि रहँदैन, र मुकुट पनि सबै पुस्ताका लागि सुरक्षित रहँदैन।" हितोपदेश २७:२३-२४।

***धेरै परिवारहरू महिनावारीमामात्र बाँच्दछन्। आर्जना गर्ने, खर्च गर्ने र अलिअलि भने पनि बचाउने सरल योजना भएन भने जीवन तनावपूर्ण हुन्छ।***

२. तपाईंले कमाउनुभएको भन्दा थोरै खर्च गर्नुहोस्। तपाईंको हैशियत अनुसार जिउने प्रयास गर्नुहोस्। हेर्नुहोस् हितोपदेश १५:१६ "होहल्लाको साथ प्रशस्तै धन हुनुभन्दा थोरै धनसित परमप्रभुको भय राख्नु उत्तम हो।" पश्चिमी मुलुकका होस् वा जहाँको होस् प्रायजसो परिवारहरूले आफूले कमाएको भन्दा बढि खर्च गर्छन्। बैंकमा ऋण लिन सक्ने भएकोले वा पसलमा किस्तावन्दीमा सामान खरिद गर्न सक्ने भएकोले आय आर्जनभन्दा बढि खर्च गर्न सक्ने सम्भव भइरहेको छ। अनि तिनीहरू ऋणमा पर्छन् र धेरै समस्याहरूले तिनीहरूलाई पिरोल्छन् पनि।

३. प्रत्येक महिना तपाईंले पाएको तलवमा तपाईंले केही न केही पैसा खोज्नुहोस् चाहे त्यो अलिकतिमात्र किन नहोस्। हेर्नुहोस् जाबो कमिलाले के गर्छ? "ए अल्छे, कमिलाकहाँ गएर त्यसको चाल-ढङ्ग हेर् र बुद्धिमानी बन्! त्यसको अगुवा हुँदैन,

***हाकिम वा शासक हुँदैन, तापनि ग्रीष्म ऋतुमा त्यसले अन्नको भण्डार तयार गर्छ र कटनीको समयमा आफ्नो खानेकुरो सञ्चय गर्छ।" हितोपदेश ६:६-८। भविष्यमा ठूलो खर्च गर्न र अपेक्षा नगरिएको खर्च गर्ने वाध्य हुनुपरेका बेलामा खर्च गर्न हामीले वचत गर्छौं। अपेक्षा नगरेको दुर्घटना, रोगहरू आउन सक्छन्। त्यसलाई खर्च कसरी टाल्ने? तिनीहरूको निम्ति पनि केही वचन गर्नु आवश्यक छ। जब हाम्रो उमेर ढल्किन्छ र पैसा कमाउन सक्ने अवस्था हुँदैन त्यसबेलाको निम्ति केही न केही वचत गरिराख्नुपर्दछ।***

४. कोभिड, ओम्निक्रोन महामामारीबाट जोग्न चाहेको जस्तै ऋणबाट पनि जोगिन खोज्नुहोस्। कसैलाई व्याज तिर्न वाध्य भएर जीवन बिताउन नखोज्नुहोस्। ऋण दिने व्यक्ति तपाईंको मोलमा जीविका चलाइरहेको हुन्छ। ऋण लिएर बाँच्नु भनेको भविष्यमा पैसा कमाइएला भनेर आशा गरेर जिउनु हो। अनि जीवनमा अनपेक्षित घट्ना भयो भने आफूमात्र होइन सारा परिवार नै ऋणले गर्दा डुबेर बस्नुपर्ने वाध्य हुन्छ। यसले लाजमर्दो परिस्थिति उब्जाउन सक्छ।

५. लगनशील र परिश्रमी हुनुहोस्। याद गर्नुहोस्, हितोपदेशले हामीलाई के अर्ती दिन्छ, "अल्छेले लालसा गर्छ वा अरूहरूको धनको लोभ

गर्छ र त्यसलाई केही पनि मिल्दैन, तर लगनशीलका इच्छाहरू पर्याप्त रूपले पूरा गरिन्छ।" हितोपदेश १३:४।

६. अझ तपाईंको उच्चतम उन्नतिको निम्ति आर्थिक मामिलामा परमेश्वरसँग पारदर्शी भएर कारोबार गर्नुहोस् (व्यवस्था २८:१-१४)। परमेश्वरको आशिष बिना कोही मानिस पनि बाँच्न आँट गर्नुहुन्न।

७. यो पनि थाहा पाउनुहोस् कि यस संसार हाम्रो वास्तविक र स्थायी घर होइन। हाम्रो जीवन, आर्थिक व्यवस्थापन, चरित्र आदिले हाम्रो प्राथमिकताहरू कहाँ छ भनेर देखाउँदछ। हेर्नुहोस्, "१४ "किनकि योचाहिँ कुनै मानिसजस्तो हो, जसले परदेश जाँदा आफ्ना नोकरहरूलाई बोलाई आफ्नो धन-सम्पत्ति तिनीहरूलाई जिम्मा दिए। १५ तिनले हरेकलाई तिनीहरूका आ-आफ्नो योग्यताअनुसार एउटालाई पाँच सुनका सिक्का, अर्कालाई दुई र अर्कालाई एक दिएर तिनी गइहाले। १६ तब पाँच सुनका सिक्का पाउनेले तुरुन्तै गएर त्यो व्यापारमा लगाईकन अरू पाँच सिक्का कमायो। १७ त्यसरी नै दुई सिक्का पाउनेले पनि अरू दुई कमायो। १८ तर एक सिक्का पाउनेले चाहिँ गएर भूइँ खनेर आफ्ना मालिकको धन लुकाइराख्यो। १९ "धेरै दिनपछि ती नोकरहरूका मालिक आए, र तिनले तिनीहरूसँग हिसाब मागे। २० तब पाँच सुनका सिक्का पाउने नोकरले अरू पाँच सिक्का ल्याई अगाडि आएर यसो भन्यो, 'हजूर, तपाईंले मलाई पाँच सिक्काको जिम्मा दिनुभएको थियो। हेर्नुहोस्, मैले अरू पाँच सिक्का कमाएको छु।' २१ "मालिकले त्यसलाई भने, 'स्याबास, असल र विश्वासी नोकर! तँ थोरै कुरामा विश्वासी भइस्, अब म तँलाई धेरै कुराको जिम्मा दिनेछु। तँ आफ्ना मालिकको खुशीमा सहभागी हो।' २२ "दुई सिक्का पाउनेले पनि आएर भन्यो, 'हजूर, तपाईंले मलाई दुई सिक्का दिनुभएको थियो। हेर्नुहोस्, मैले अरू दुई सिक्का कमाएको छु।' २३ "त्यसका मालिकले त्यसलाई भने, 'स्याबास, असल र विश्वासी नोकर, तँ थोरै कुरामा विश्वासी भइस्, अब म तँलाई धेरै कुराको जिम्मा दिनेछु। तँ आफ्ना मालिकको खुशीमा सहभागी हो।' २४ "एक सुनको सिक्का पाउनेले

पनि आएर भन्यो, 'हजूर, नरोपेको जग्गाबाट कटनी गर्ने र ननिफनेको ठाउँबाट बटुल्ने तपाईं कठोर मानिस हुनुहुन्छ भन्ने मलाई थाहा थियो। २५ यसैले मलाई डर लाग्यो, र गएर तपाईंको सिक्का मैले माटोमुनि लुकाइराखें। हेर्नुहोस्, यो तपाईंको सिक्का लिनुहोस्।' २६ "त्यसका मालिकले त्यसलाई जवाफ दिए, 'ए दुष्ट, अल्छे नोकर, नरोपेको ठाउँमा कटनी गर्छु, र ननिफनेको ठाउँबाट बटुल्छु भनेर तैंले जानेको थिइस् भने, २७ तैंले मेरो धन साहूकहाँ राख्नुपर्नेथियो, र आएर मैले मेरो धन ब्याजसमेत फिर्ता पाउनेथिएँ। २८ यसकारण त्यसबाट यो सिक्का खोस, र जससँग दश सिक्का छ त्यसलाई देओ। २९ किनभने जससँग छ त्यसलाई अरू दिइनेछ, र त्यससँग प्रशस्त हुनेछ। तर जससँग छैन त्यससँग भएको पनि त्यसबाट खोसिनेछ। ३० त्यस बेकम्मा नोकरलाई चाहिँ बाहिरी अन्धकारमा फालिदेओ, जहाँ मानिसहरू रुनेछन् र दाह्रा किट्नेछन्।' मत्ती २५:१४-३० (उचित लगानी गरेर आर्थिक लाभ गर्नु कतिको आवश्यक रहेछ भनेर येशूको यस अर्तीकथाले स्पष्टरूपमा सिकाउँदछ-अनुवादक व्यक्तिगत मनतव्य)।

**उपसंहार:**

**थप जानकारी:** "कुनै पनि व्यापार वा प्रगितको जुक्ती वा जीवनको योजना मनासिव वा सफल हुँदैन यदि त्यो योजना केवल वर्तमान छोटो जीवनको लागिमात्र बनाइन्छ तर अनन्त जीवनको निम्ति कुनै प्रावधना बनाइन्दैन। यस संसारमा आफ्नो जीवन सुसम्पन्न र आदर्शमय भएन भने कसैले पनि स्वर्गमा धन थुपार्न सक्दैन।"-एलेन जी ह्वाइट, *एजुकेशन*, पृ. १४५ बाट रूपान्तरित।

"व्यापारमा हुनुपर्ने इमान्दारीता, लगनशीलतामा र सत्य सफलतामा जग बसाल्न सबै थोक परमेश्वरको हो भनेर स्वीकार गर्नु अनिवार्य छ। सबै थोकको सृष्टिकर्ता परमेश्वर हुनुभएकोले सुरूदेखिन नै सबै थोकको स्वामी वा मालिक उहाँ हुनुहुन्छ। उहाँले सृष्टि गरेका थोकहरूलाई जतन गर्ने जिम्मा हामीलाई दिइएको छ। हामीसँग यहाँ जे छ ती सबै उहाँकै सम्पत्ति हो र उहाँकै खतन वा निर्देशन अनुसार प्रयोग गर्नुपर्दछ।"-एजुकेशन, पृ. १३७ बाट रूपान्तरित।

पारिवारिक गठबन्धनमा हामी परेको चापले गर्दा हाम्रो काम केवल परिवारलाई आर्थिक सुविदा उपलब्ध गराउनुमात्र हो भनेर कतिपय समयमा हामी सोच्दछौँ। तर हामी येशूभावनामाभावित भएर हिँड्ने भएकोले येशूले आफ्ना चेलाहरूलाई दिनुभएको महान् आदेशलाई पन्छाएर धुक्क भएर बस्न हाम्रो मनले नै दिँदैन। "सारा संसारमा गएर सुसमाचार प्रचार गर" भन्ने येशूले दिनुभएको आदेश मर्कूस १६:१५ लाई उतारेर एलेन जी ह्वाइटले यो लेख्नु भएको छ, "लोकप्रिय भाषा अनुसार सबैलाई विश्वासीहरू पास्टर हुन वा अरू देशहरूमा गएर सुसमाचार प्रचार गर्नैपर्छ सबैलाई बोलाइएको हुँदैन। तर आफूसँग सम्पर्कमा आएका सबै मित्रबन्धुहरूलाई खुशीको खबर सुनाउने काम गरेर परमेश्वरसँग काम गर्न सक्दछौँ। चाहे ठूलो होस् चाहे सानो होस, चाहे पढेलेखेका विद्वान होस् वा लेखपढ गर्नै नजान्ने मानिसलाई होस्, चाहे बुढो होस् वा युवा होस्, सबैलाई कुन न कुनै प्रकारले सुमाचार सुनाउने आदेश दिइएको छ।"-एलेन जी ह्वाइट, एजुकेशन, पृ. २६४बाट रूपान्तरित।

"हाम्रो जीवनमा परमेश्वरको योजना के हो सो थाहा पाएर चल्नु आवश्यक छ। हाम्रो शक्तिले भ्यायसम्म कौशलपूर्वक काम गर्न खोज्नुमा नै परमेश्वरको काममा हाम्रो जीवन अर्पण गरेको ठहर्छ। जुनसुकै काम वा पेशामा हामी लाग्न निर्णय गरेतापनि परमेश्वरको अगुवाइ खोज्नु हाम्रो निम्ति सुरक्षित भएकोले उहाँको नीतिमा चलेर उहाँले खोल्दै गरेको बाटोमा हिँड्ने सजगता हामीमा भइरहनुपर्दछ।"-एजुकेशन पृ. २६७बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. इसाईहरू भएको हेशियतले "सफल जीवन" बिताउनुको परिभाषा के हो? संसारले व्याख्या गरेको सफलता र हामीले आदर्शमय सफलताको व्याख्यामा के भिन्नता छ? उदाहरणमा, बप्तिस्मा दिने यूहन्नाको जीवनको बारेमा हामी कसरी व्याख्या गर्ने? मरणशिल दुष्ट स्त्रीको आवेगमा उनी झ्यालखानामा परेर आफ्नो ज्यान गुमाउनुपरेको थियो। येशूको बारेमा प्रचार गरेर वियोगपूर्वक जीवनको अन्त्य हुनु के त्यो सफलता हो र? यसको बारेमा तपाईंको तर्क के छ?

आ. यस संसारमा धेरै धेरै "सफल, धनी, सम्पन्न, खुशी र संतुष्ट देखिने" मानिसहरू छन् तर तिनीहरूले आफ्नो सम्पत्ति र जीवनलाई कसरी संचालन गर्ने भनेर बाइबलमा दिएको निर्देशनलाई वास्ता गरेका हुँदैनन्। ती मानिसहरूको बारेमा हामीले कसरी व्याख्या गर्ने? फेरि कतिपय समयमा तिनीहरूको अनुसरण गर्न खोज्ने र तिनीहरूले सिकाएका अनुसार चल्न त खोज्छन् तर तिनीहरू जस्तो सफल नभएको बारेमा के भन्ने? तिनीहरू बिरामी होला वा दैवीप्रकोपले ढल्न सक्छन् होला? ती परिस्थितिहरूलाई हामी कसरी बुझ्ने?

## कथा ८

## बिरालो र एडभेन्टिस्ट पुस्तक बिक्रेता



एडभेन्टिस्ट पुस्तकहरू घर घरमा गएर बेच्ने युवक सिमो भेकाभुओरी फिनलान्डको सब भन्दा पुरानो सहर र पहिलाको राजधानी टुर्का नजिकै बेच्दै थियो। त्यसबेला जाडोको मौसम थियो। एक दिन दिदीबहिनीहरूमात्र रहेको एउटा घरमा धकधकाउन सिमो पुग्यो।

सिमोलाई अचम्भित पारेर ती दिदी बहिनीहरूले उससँग भएको पुस्तकहरू एक एक गरेर किने। अनि तिनीहरूले बैठकमा एक्लै छोडेर आफ्नो कोठामा गए। उसलाई के गरुँ के गरुँ भयो। ऊ हतपत बाहिर जान चाहेको थिएन।

अन्तमा एक जना बहिनी आफ्नो हातमा बिरालो लिएर आइन्। "भाइ, तपाईंले यस बिरालोको उपचार गर्ने होइन?'

"मैले कसरी गर्ने?" सिमोले जवाफ दियो।

"हैन, हामीले बोलाएको पशुको डाक्टर तपाईं होइन र?" उनले सोधिन्।

"होइन, होइन, म त किताब बेच्ने मान्छे पो!" अचमम मान्दै सिमोल बतायो।

सिमोलाई पशुको डाक्टर भनेर गलत सोचेर बिरालोलाई उपचार गर्न उसको किताब किन्नुपर्दो रहेछ भनेर धेरै वर्षसम्म ती दीदीबहिनीहरूले हाँस्दै तिनीहरूका साथीहरूलाई सुनाएका थिए।

जे भएपनि तिनीहरूले ती किताबहरू किने।

एक दिन सिमो खाजा खान जङ्गलमा गएको थियो। त्यो शुक्रबार अपरान्ह थियो। उसले प्रार्थना गऱ्यो, "हे, प्रभु यो हप्ता बित्नुभन्दा अघि कसै न कसैलाई तपाईंको बारेमा सुनाउन सकुँ।"

त्यसपछि उनी गाउँमा गएर एक जना किसानीको घर धकधकायो। एक जना महिलाले ढोका खोलिन्। "मैले यो पुस्तक बेच्दैछु," *द ग्रेट कन्त्रोभर्सी* पुस्तक देखाउँदै उसले भन्यो।

"भाइले बेच्न लागेको पुस्तकप्रति मेरो चासो छैन, तर तिम्रो जीवनमा येशूको अर्थ के छ मलाई सुनाउनु ल!" उनले जवाफ दिइन्। सिमोले येशूको

प्रेमको बारेमा उनलाई सुनायो। पछि उनले बोलिन्, "पछाडी कोठामा गएर प्रार्थना गरौं।" जब तिनीहरूले प्रार्थना गर्दै थिए तब उनकी ठूली छोरी ढोकामा आइन्। "छोरी, तिमी पनि आउ र हामीसँग प्रार्थना गर्न घुँडा टेक," उनले अऱ्हाइन्।

प्रार्थना गरेर सिमो जानै लागेको थियो, तब त्यस महिलाले उसलाई ढोका सम्म पछ्याइन्। "तिमीले बेच्न लागेको किताब म किन्छु," उनले बताइन्।

त्यसैबेला सिमोनले त्यस महिला परमेश्वरको बारेमा जान्न चाहेको महसुस गऱ्यो। पछि जब पास्टरले त्यस क्षेत्रमा सार्वजनिक सुसमाचार प्रचारको कार्यक्रम गरेका थिए सिमोले पास्टरलाई त्यस महिला र परिवारसँग परिचित गरायो। त्यस किसानीको घरमा पास्टरले बाइबल अध्ययन सुरु गरे। त्यस परिवार सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा सरिक भयो। आज त्यस महिलाकी नातीनी फिनलान्डको राजधानी हेलसिन्कीमा चर्चको सक्रिय अगुवा भएकी छिन्।

- आन्ड्र्यु मेकचेसनी